
# वर्ल्ड भिजन इन्टरनेसनल नेपाल

## वार्षिक प्रतिवेदन सन् २०१५



World Vision




FAR WESTERN REGION 1. Darchula*, 2. Bajhang (Chainpur*), 3. Bajura (Martadi*), 4. Baitadi*, 5. Dadeldhura*, 6. Doti (Dipayal*) 7. Achham (Mangalsen*), 8. Kanchanpur (Mahendranagar*), 9. Kailali (Dhangadi*)

MID WESTERN REGION 10. Humla, 11. Mugu (Gamgadhi*), 12. Dolpa (Dunai*), 13. Kalikot (Manma*), 14. Jumla, 15. Dailekh, 16. Jajarkot, 17. Rukum, 18. Surkhet (Birendranagar*), 19. Salyan, 20. Rolpa, 21. Pyuthan*, 22. Bardiya (Gularia*), 23. Banke (Nepalgunj*), 24. Dang (Ghorahi*)

WESTERN REGION 25. Mustang, 26. Manang, 27. Gorkha*, 28. Myagdi, 29. Kaski, 30. Lamjung (Besisahar*), 31. Baglung, 32. Parbat, 33. Syangja*, 34. Tanahun, 35. Gulmi, 36. Arghakhanchi, 37. Palpa, 38. Nawalparasi (Parasi*), 39. Kapilbastu (Taulihawa*), 40. Rupandehi (Siddharthanagar*)

CENTRAL REGION 41. Dhading, 42. Rasuwa (Dhunche*), 43. Sindhupalchowk (Chautara*), 44. Dolkha (Charikot*), 45. Nuwakot (Bidur*), 46. Chitwan (Bharatpur*), 47. Makwanpur (Hetauda*), 48. Kathmandu, 49. Bhaktapur, 50. Lalitpur (Central Office), 51. Kavre, 52. Ramechhap, 53. Parsa (Birgunj*), 54. Bara, 55. Rautahat, 56. Sindhuli, 57. Sarlahi (Malangawa*), 58. Mahottari (Jaleshwor*), 59. Dhanusha (Janakpur*)

EASTERN REGION 60. Solukhumbu, 61. Sankhuwasabha (Salleri*), 62. Taplejung*, 63. Okhaldhunga, 64. Khotang, 65. Bhojpur, 66. Tehrathum, 67. Panchthar, 68. Dhankuta, 69. Siraha, 70. Saptari (Rajbiraj*), 71. Udaypur (Gaighat*), 72. Sunsari (Inaruwa*), 73. Morang, 74. Ilam, 75. Jhapa

* District Headquarters

WVIN EARTHQUAKE RESPONSE AREAS.
WVIN PROGRAMMES®PROJECTS AREAS.

Texts®Photos: WVIN
Design: Bikram Chandra Majumdar
bmajumdar33@gmail.com





# विषयसूची


राष्ट्रिय निर्देशकको सन्देश ...६

कार्यकारी समीक्षा ...७

गुणस्तरीय शिक्षामा समान पहुँच ...८

मातृशिशु स्वास्थ्य र पोषण ...१०

बाल संरक्षण ...१२

जीविकोपार्जन र विपद् जोखिम न्यूनीकरणको प्रवर्द्धनद्वारा सामुदायिक पुनर्स्थापना ...१४

बाल स्पोन्सरसीप् ...१८

जवाफदेहिता ...२३

सरकारसितको सहकार्य ...२४

अनुदान परियोजनाहरू ...२६

आर्थिक प्रतिवेदन ...२७


हाम्रो **दर्शन** प्रत्येक
बालबालिकाको **जीवनको सम्पूर्णता;**
हाम्रो **प्रार्थना** प्रत्येक
हृदयमा त्यस्तै गर्ने **चाहना**

# परिचय



# हाम्रो परिचय

वर्ल्ड भिजन बालबालिका, तिनका परिवार र समुदायहरूलाई गरीबी र अन्यायबाट मुक्त हुन सघाउन प्रतिबद्ध एक इसाई राहत, विकास र पैरवी संस्था हो। इसाई मान्यताहरूबाट प्रेरित भएर हामी संसारका सबै भन्दा बढी जोखिममा रहेका मानिसहरूसँग मिलेर काम गर्न प्रतिबद्ध छौं। वर्ल्ड भिजनले धर्म, जातजाति, सम्प्रदाय वा लिङ्गको भेदभाव नगरी सबैको सेवा गर्दछ।

कोरियाली युद्धबाट पीडित टुहुराहरूको आवश्यकतालाई सम्बोधन गर्न वर्ल्ड भिजन कोरियामा सन् १९५० मा स्थापना भएको हो। त्यहाँबाट यसका कार्यक्रमहरू अरू एशियाली देशहरूमा र त्यसपछि क्रमिक रूपमा संसारका झण्डै सय देशहरूमा फैलिएका छन्।

## नेपालमा वर्ल्ड भिजन

वर्ल्ड भिजनले नेपालमा पहिलो पटक सन् १९८२ मा स्थानीय लक्षित समूहहरूलाई अस्पताल निर्माण गर्न र स्वास्थ्य सेवा उपलब्ध गराउने उद्धेश्यले अनुदान सहयोग गरेर विकास सम्बन्धी कामको शुरुवात गरेको हो। सन् १९८८ को भूकम्पलाई लक्षित गरी वर्ल्ड भिजनले भूकम्प पीडितलाई सहायता उपलब्ध गराउन स्थानीय गैरसरकारी संस्थाहरूलाई सहयोग गर्‍यो। त्यस्तै सन् १९९३ मा वर्ल्ड भिजनले स्थानीय साझेदार मार्फत बाढी पहिरो पीडितलाई मद्दत गर्‍यो। वर्ल्ड भिजनले, नेपालमा औपचारिक रूपमा सन् २००१ मा समाज कल्याण परिषद्सँग साधारण र परियोजना - सम्झौता गरी दीर्घकालीन विकास कार्यको शुरुवात गरेको हो।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालले विगतका वर्षमा १४ जिल्लाहरूमा समुदायहरूसँग साझेदारी गरी बालबालिकाको सम्वृद्धिको निम्ति काम गरेको छ। हाल डोटी, जुम्ला, काठमाडौं, कैलाली, लम्जुङ, ललितपुर, मोरङ, रूपन्देही, सुनसरी, उदयपुर, सिन्धुली र अछाम गरी १२ वटा जिल्लाहरूमा वर्ल्ड भिजन इन्टरनेसनल नेपाल कार्यशील छ।

## नेपालको भूकम्पमा वर्ल्ड भिजनको प्रतिकार्य

सन् २०१५ साल अप्रिल महिनामा नेपालमा गएको ७.८ रेक्टर स्केलको महा-विनाशकारी भूकम्प र त्यसको दुइ हप्तापछि गएको अर्को शक्तिशाली भूकम्प पश्चात्, ७ वटा अति प्रभावित जिल्लाहरू (सिन्धुपालचोक, सिन्धुली, लमजुङ, ललितपुर, भक्तपुर, काठमाण्डौ र गोरखा) मा आकस्मिक सहयोगद्वारा वर्ल्ड भिजनले प्रतिकार्य पुर्‍याएको छ। प्रतिकार्यको शुरुवाती चरणमा सर्वाधिक रूपमा प्रभावित जनसंख्याले खाना र गैर-खाद्य सामाग्रीहरू दुवै प्राप्त गरे। अस्थायी शिक्षण केन्द्रहरू र बाल मैत्री स्थानहरूको स्थापना र खाने पानी, स्वास्थ्य र सरसफाई सम्बन्धी कार्यक्रमहरू तथा नगदमा आधारित कार्यक्रमहरूद्वारा पनि समुदायहरू लाभान्वित भएका छन्।

सन् २०१५ अक्टोबर महिनादेखि भूकम्प प्रतिकार्य पुनर्स्थापना चरणमा प्रवेश गरेको छ र धादिङ, दोलखा र नुवाकोट गरी तीन नयाँ जिल्लाहरूमा कार्यक्रमहरूको कार्यान्वयन बिस्तार गर्दै नेपालीहरूलाई पुनर्स्थापित गराउन मद्दत गर्दै आएको छ।



# राष्ट्रिय निर्देशकको सन्देश

सन् २०१५ साल नेपाल र वर्ल्ड भिजन इन्टरनेसनल नेपाललाई उल्लेखनीय रूपमा परिवर्तन गर्ने वर्ष थियो । यो विनाश, संक्रमण र उपलब्धिको वर्ष थियो ।

अप्रिल २५ र मे ८ मा नेपालमा गएका दुइवटा भूकम्पहरूको कारण झन्डै ९,००० मानिसहरूको मृत्यु भयो र लाखौं संरचनाहरू पूर्णतया विनाश वा क्षतिग्रस्त भए । कुल ग्राह्यस्थ उत्पादनको एकतिहाइ जति लगभग ७ अर्ब अमेरिकी डलर बराबरको क्षतिले अर्थ-व्यवस्था ओरालो लाग्यो ।

सन् २०१५ मा नेपाल अर्को महत्वपूर्ण संक्रमणबाट गुज्रियो । वर्षौं देखिको बहस र छलफलपछि, नेपालले संविधान निर्माण गर्‍यो, जसलाई सन् २०१५ को सेप्टेम्बर २० मा विधिवत् पारित गरियो । यद्यपि, संविधान निर्माणको प्रक्रियाले राजनीतिक अस्थिरता उत्पन्न गरायो । राजनीतिक अस्थिरतासित जोडिएको अर्को घटना भारतीय सीमामा नाकाबन्दीको कारणले गर्दा सिर्जित इन्धन अभाव थियो, जसले भूकम्प प्रतिकार्यलाई नकारात्मक प्रभाव पार्‍यो र लाखौं मानिसहरूलाई अल्पकालीन गरिबीमा धकेल्यो ।

सन् २०१५ साल उपलब्धिको वर्ष पनि थियो । वर्ल्ड भिजनको क्रियाकलापको केन्द्र बालबालिकाहरू हुन् र सन् २०१५ मा, वर्ल्ड भिजन इन्टरनेसनल नेपालले प्राथमिक बाल शिक्षामा सुधार, कार्यगत साक्षरतामा वृद्धि, र आमा तथा नवजात शिशुहरूको उचित स्वास्थोपचार र बाल संरक्षण प्रणालीमा सबलीकरण जस्ता पक्षहरूमा योगदान पुर्‍याएको छ । वर्ल्ड भिजन इन्टरनेसनल नेपालको भूकम्प प्रतिकार्यले अस्थायी बसोबास, गैर-खाद्य वस्तुहरू, खाना पकाउने सामग्री, नगद, खानेपानी तथा सरसफाई सामग्री तथा पूर्वाधारहरू, अस्थायी शिक्षण केन्द्रहरू, बाल मैत्री स्थानहरू र महिला तथा किशोरीमैत्री स्थानहरू उपलब्ध गराएको छ ।

यसका साथै वर्ल्ड भिजन इन्टरनेसनल नेपालले अर्को पंचवर्षीय रणनीति तयार पारेको छ जसको लक्ष्य सन् २०२० भित्र दशलाख बालबालिकाहरूको दीगो सम्वृद्धिको लागि गरिबी र असमानताका कारकहरूको सम्बोधन गर्नु हुनेछ । वर्ल्ड भिजनको नँया रणनीतिले आगामी पाँच वर्ष भित्र बाल समृद्दि हासिल गर्नका लागि प्राप्त गर्नुपर्ने विशेष सूचकहरू पनि निर्धारण गरेको छ । हामीले लक्ष्य प्राप्ति तथा प्राप्त गर्न सक्ने अनुदान विविधि करणकालागि केही महत्वाकांक्षी सूचकहरू छनौट गरेका छौँ ।

सन् २०१६ लाई हेर्दा, भूकम्प प्रतिकार्यमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालको कार्य र हाम्रो दीर्घकालीन विकास कार्यक्रमका लागि, ममा आशा र अपेक्षा रहेको छ । हामी लैङ्गिक र सामाजिक समावेशीकरणलाई अझ बढी ध्यान दिनेछौं; एकआपसमा र हामी कार्यारत समुदायप्रतिको हाम्रो जवाफदेहितामा वृद्धि गर्नेछौं ; उच्च गुणस्तरीय कार्यका लागि हामीसित सबल प्रमाणको आधार होस् भन्ने कुरालाई सुनिश्चित गर्नेछौं र अन्तमा, समुदायका आवाजहरू र अधिकार प्राप्त व्यक्ति वा निकाय बीच सबल सम्बन्ध स्थापित गर्ने कार्यलाई सहज तुल्याउने छौं । नेपालमा जोखिममा परेका बालबालिकाहरूको जीवन र समुदायहरूमा यी परिवर्तनहरू मार्फत् हामीले अझ बढी सकारात्मक प्रभाव पार्नेछौं भनी म विश्वास गर्दछु ।

**एलिजाबेथ साटो**
राष्ट्रिय निर्देशक
वर्ल्ड भिजन इन्टरनेसनल नेपाल

# कार्यकारी समीक्षा

वर्ल्ड भिजनको वार्षिक प्रतिवेदन सन् २०१५, यसका रणनीतिक उद्देश्यहरू (सन् २०१३ देखि सन् २०१५)को प्राप्तिमा देखिएका प्रगतिको संक्षिप्त विवरण हो र यसले तोकिएको समयावधिमा प्रत्येक कार्य अन्तर्गत लाभग्राहीहरूका निम्ति अपनाइएका कार्यगत अवधारणाहरू र तिनका उपलब्धिहरूमाथि प्रकाश पार्दछ। यसका साथै अनुदान परियोजनाहरू, बाल स्पोन्सरसीप्, कार्यक्रमको जवाफदेहिता, सरकारसितको साझेदारी जस्ता अन्य पक्षहरूमा वर्ल्ड भिजनका कार्यहरू र वार्षिक वित्तीय खर्चको प्रतिवेदनको झलक यसले प्रदान गर्दछ।

यस प्रतिवेदनले सन् २०१५ जनवरी- अप्रिलमा रणनीति विकास प्रक्रियाद्वारा तयार गरिएको नयाँ रणनीति (सन् २०१६- सन् २०२०) को झलक पनि समावेश गरेको छ जसमा राष्ट्रिय र जिल्लाका तहहरूमा भएको राष्ट्रव्यापी भूमि/भू-दृश्य मूल्यांकन, आन्तरिक भूमि/भू-दृश्य मूल्यांकन, समीक्षाका निष्कर्षहरू, समकक्षी संस्थाहरूबाट आएका जानकारी तथा तथ्याङ्क र क्षेत्रीय कार्यलयको प्रतिक्रिया समावेश गरिएको छ।

नेपालको भूकम्पमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले गरेको प्रतिकार्यका महत्वपूर्ण भागहरूलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ। सन् २०१५ साल अप्रिल २५ र मे १२ मा नेपालमा गएको विध्वंशकारी भूकम्पपश्चात्, वर्ल्ड भिजन इन्टरनेसनल नेपाल राहत र पुनर्निर्माण कार्यहरूका साथ नेपालका १० वटा अति प्रभावित जिल्लाहरू (सिन्धुपाल्चोक, सिन्धुली, लमजुङ, ललितपुर, भक्तपुर, काठमाण्डौ, गोरखा, धादिङ, दोलखा र नुवाकोट) का ३,८६,९८४ लाभग्राहीहरू माझ पुगेको छ।

आर्थिक वर्ष सन् २०१५ मा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले कार्यान्वयन चरणका १६ वटा क्षेत्रीय विकास कार्यक्रमहरूद्वारा ५० वटा गैसस साझेदारहरूसँग मिलेर शिक्षा, स्वास्थ्य, बाल संरक्षण, कृषि र विपद् व्यवस्थापन क्षेत्रहरूमा काम गरिरहेका ११ जिल्लाका निकायहरू र स्थानीय प्रशासनसँग सहकार्य गरी काम गरेको थियो।

ती साझेदारहरूसित समन्वय गरी कार्य गर्दा, वर्ल्ड भिजन इन्टरनेसनल नेपाल, मातृशिशु स्वास्थ्य र पोषण, शिक्षा, जीविकोपार्जन, बाल संरक्षण र खानेपानी, सरसफाई तथा स्वास्थ्य सम्बन्धी परियोजनाहरूका साथ १३८,१२८ बालबालिकाहरू (६६,३०१ बालकहरू र ७१,८२७ बालिकाहरू) र १७४,३८० वयस्क व्यक्तिहरू (८२,४१५ पुरुषहरू र ९१,९६५ महिलाहरू) माझ पुग्न सफल भयो।

# गुणस्तरीय शिक्षामा समान पहुँच

सरकार, गैससहरू र सामुदायिक साझेदारहरूसँग सहकार्य गरी वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आर्थिक वर्ष सन् २०१५ मा १६ वटा क्षेविकाहरूमा शैक्षिक परियोजनाहरू कार्यान्वयन गरेको छ। आधारभूत शिक्षा सुधार योजना (बीइआइपी) र बाल मैत्री शिक्षण विधि जस्ता परियोजना नमूनाहरू र संरचनाहरू मार्फत् वर्ल्ड भिजनका कार्य क्षेत्रहरूमा शिक्षा परियोजनाहरू लागू गरिएका छन्। वर्ल्ड भिजनले प्रारम्भिक तहका बालबालिकाहरूको शैक्षिक उपलब्धिलाई वृद्धि गर्नको लागि साक्षरता सिप अभिवृद्धि नमुनाको कार्यान्वयन पनि शुरु गरेको छ।



२५ वर्षीया **सीता माया मगर**, सिन्धुलीको विकट क्षेत्रमा रहेको श्री महाकाली माध्यमिक विद्यालयमा इसिइडी सहजकर्ताको रूपमा काम गर्दछिन् । उनी वर्ल्ड भिजनको सहयोगमा सात दिने बाल मैत्री शिक्षण प्रशिक्षणमा सहभागी भइन् र त्यस बेलादेखि उनी आफ्ना कक्षाहरूलाई थप रोचक बनाउनका लागि आफूले सिकेका कुराहरू प्रयोग गर्दै छिन् । शैक्षिक सामग्री तयार गर्नको लागि उनी स्थानीय स्रोतहरू पनि प्रयोग गर्दछिन् र उनको कक्षामा बालबालिकाहरू अक्सर नाच्दै र गाउँदै सिक्ने गर्दछन् । उनी भन्छिन्, “प्रशिक्षणले मलाई राम्रो सहजकर्ता बन्न सहायता गरेको छ र आजकाल बालबालिकाहरू रमाउँदै केन्द्रमा आएको म देख्दछु ।”

| प्रमुख कार्यहरू | मुख्य उपलब्धिहरू | नतिजाहरू |
|---|---|---|
| बालबालिकाहरूका लागि गुणस्तरीय सिकाइ वातावरणको निम्ति इसिइडी केन्द्रहरूको सुदृढीकरण | - वर्ल्ड भिजनले २५८ इसिइडी केन्द्रहरूसित सहकार्य गर्दै योजना, संचालन र अनुगमनको क्षमतालाई सुदृढीकरण<br>- सबै केन्द्रहरूमा सामाजिक लेखा परीक्षण सञ्चालन<br>- ३६५ इसिइडी सहजकर्ताहरूलाई सिकाइ वातावरण, अभिभावक तालिम र सिकाइ सामाग्रीहरूको तयारी सम्बन्धी प्रशिक्षण<br>- १६२ इसिइडी केन्द्रहरूलाई शैक्षिक र खेलकुद सामाग्रीहरू सहयोगार्थ प्रदान<br>- ३३ वटा केन्द्रहरूलाई खानेपानी तथा सरसफाईको सुबिधा सहित कक्षाकोठा निर्माण/मर्मतका लागि सहयोग प्रदान<br>- ४२ केन्द्रहरूलाई दिगोपनाको लागि सम्पुरक कोष प्रदान<br>- बालबालिकाहरूको स्याहार बारे ६,४५० अभिभावकहरूलाई अनुशिक्षण प्रदान गरियो | - इसिइडी भर्नामा औसत ५% ले वृद्धि<br>- प्राथमिक विद्यालय तहको भर्नामा औसत २.४% ले वृद्धि<br>- ७०% प्रारम्भिक बाल विकास केन्द्रले इसिइडी केन्द्रको निम्ति न्यूनतम राष्ट्रिय मापदण्ड, २०१० को मापदण्डलाई पूरा गरेका छन् |
| शैक्षिक उपलब्धिहरूमा सुधार | - गुणस्तरीय शिक्षाको लागि वर्ल्ड भिजनले ४५९ विद्यालयहरूसित सहकार्य गरेको छ<br>- ७७९ शिक्षकहरूलाई बाल मैत्री र विषयगत सिकाई सम्बन्धी प्रशिक्षण प्रदान<br>- २०९ विद्यालयहरूलाई शैक्षिक सामग्री ; पुस्तकालय, कम्प्युटर र प्रयोगशाला प्रदान गरी सहयोग<br>- ७१ विद्यालयहरूलाई कक्षा कोठा निर्माण, खानेपानी तथा सरसफाई सम्बन्धी सुविधाहरूमा सहयोग<br>- ३२ विद्यालयहरूलाई साक्षरता अभिवृद्धि कार्यस्थापना गर्न ८६ शिक्षक लाई तालिम, हरेक छात्रग्रहण क्षेत्रहरूमा ३-४ वटा अध्ययन शिविरहरू स्थापना र ११,२६८ कथा किताब सहयोग | - पढाई बोध गर्न सक्ने बालबालिकाहरूको संख्यामा ७.४% ले वृद्धि<br>- सरकार र यूनिसेफद्वारा परिभाषित बाल मैत्री विद्यालयका ९ वटा मापदण्डहरू मध्ये कम्तिमा ५ वटा मापदण्डहरू पूरा गर्ने विद्यालयको संख्यामा २७% ले वृद्धि |
| बाल मैत्री शिक्षण तथा सिकाई प्रणालीको सुदृढीकरण र प्रवर्द्धन | - क्षमता सुदृढीकरणको लागि वर्ल्ड भिजनले २५९ विद्यालय व्यवस्थापन समितिहरूसित सहकार्य गर्दै विद्यालय सुधार योजनाको तयारीका लागि सहयोग<br>- १७० विद्यालय व्यवस्थापन समितिहरूलाई विद्यालय व्यवस्थापन र संचालन सम्बन्धी क्षमता अभिवृद्धि<br>- वर्ल्ड भिजनको सहयोगमा ६६ वटा विद्यालयहरूद्वारा शिक्षक, अभिभावक र विद्यार्थीहरूको लागि आचर संहिताको निर्माण<br>- ३० वटा विद्यालयहरूमा नागरिक आवाज तथा गतिविधि (सीभीए) सञ्चालन<br>- ३३४ बाल क्लबहरूको क्षमता सुदृढीकरण<br>- २१,२९७ अभिभावकहरूलाई बालबालिकाको लागि सिक्ने वातावरण निर्माण गर्ने सम्बन्धी अभिमुखीकरण प्रदान | - सबै विद्यालयहरूले सरकारले तोके अनुसार विद्यालय सुधार योजना निर्माण गरेतापनि सो को लागि सहजीकरण गरिएका मध्ये दुई तिहाई विद्यालयले मात्र उपयुक्त तरिका अवलेखन गरि विद्यालय सुधार योजना बनाएका छन् |
| **समग्रमा** | ४५९ विद्यालयहरू र २५८ इसिइडी, ३३,२१४ बालिकाहरू, ३२,८४६ बालकहरू र २७,२९७ अभिभावकहरू शिक्षा परियोजनाबाट लाभान्वित भएका छन् | |

# मातृशिशु स्वास्थ्य र पोषण

सरकार, गैसस र सामुदायिक साझेदारहरूसँग सहकार्य गरी वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आर्थिक वर्ष सन् २०१५ मा, १२ वटा क्षेविकाहरूले मातृशिशु स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम र ८ वटा क्षेविकाहरूले खानेपानी सरसफाई तथा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गऱ्यो। यसले मुख्यतया समावेश गरेका क्षेत्रहरू यी हुन्ः पोषण, सुरक्षित मातृत्व, समुदायमा आधारित बाल रोगको व्यवस्थापन, गाविसमा पूर्ण खोप अभियान, खुला दिसा मुक्त अभियान र त्यसपछिको योजना, सरसफाई र पानीको गुणस्तर। वर्ल्ड भिजनले सरकारसँग सहकार्य गर्दै महिला स्वास्थ्य स्वयंसेवक र आमा समूहजस्ता स्थानीय साझेदारहरूको क्षमतालाई अभिवृद्धि गरेको छ, स्वास्थ्य सेवा सञ्चालन र व्यवस्थापन समिति र प्राथमिक स्वास्थ्य केन्द्रलाई सुदृढ तुल्याएको छ। ७-११, २.० कोर इनिसियटिभ तथा विभिन्न नमूना परियोजना जस्तै पिडी हर्थ (पोषण) द्वारा वर्ल्ड भिजनले शिशु तथा बाल्यकालिन पोषणको अवस्थामा सुधार ल्याउन, सुरक्षित मातृत्व र बाल रोग व्यवस्थापन बारे जनचेतना फैलाउन प्रयास गरेको छ र सीभीए (नागरिक आवाज र कर्तव्य) तथा बिसिसि (व्यवहार परिवर्तन सञ्चार) मार्फत् यसले स्थानीय तहको पैरवीलाई प्रवर्द्धन गरेको छ।

सरकारद्वारा आयोजित पूर्ण खोप कार्यक्रम र खुला दिसा मुक्त क्षेत्र अभियानमा वर्ल्ड भिजनले सक्रियताका साथ सहकार्य पनि गरेको छ।



| प्रमुख कार्यहरू | मुख्य उपलब्धिहरू | नतिजाहरू |
|---|---|---|
| सुरक्षित मातृत्वमा सुधार | - सुरक्षित मातृत्व जनचेतना मार्फत् कुल ९,४२३ महिलाहरूमाझ पहुँच<br>- २,९०० स्यादारकर्तालाई सुरक्षित मातृत्व बारे जानकारी र प्रशिक्षण प्रदान<br>- २,९८२ किशोर-किशोरीहरूलाई यौन र प्रजनन स्वास्थ्य बारे जानकारी प्रदान | - गर्भवती तथा प्रसुती महिलाहरूमा स्वास्थ्य सचेतना व्यवहार तथा स्वस्थ्य अभ्यासको वृद्धि सँगै सुरक्षित प्रसूतिमा ९.१% र सुत्केरी जाँचका निर्धारित मापदण्ड पुरा गर्नेको सँख्यामा ३.५% वृद्धि भएको देखिन्छ |
| बाल पोषणमा सुधार | - ६,०७५ बालबालिकाहरू वृद्धि अनुगमनमा सहभागी, ती मध्ये ३०४ जना कुपोषण भएका बालबालिकाहरूले थप पोषण र परामर्श प्राप्त गरे<br>- समुदायका ४,९२९ सदस्यहरूलाई पोषण सम्बन्धी प्रशिक्षण प्रदान<br>- ३,४४३ आमाहरूलाई पोषण सम्बन्धी सचेत तुल्याइयो<br>- ३५ वटा गाउँघर क्लिनिकमा सामग्री सहयोग<br>- ४ वटा क्षेविकाहरूले पीडी हर्थ प्रारम्भ गरेका छन् ; पुनरावृत्ति भइरहेको छ | - बालबालिकाहरू माझ न्यून तौलको समस्यामा भएको ३.२% घटीले बाल पोषणमा सुधार आएको तथ्य पुष्टि,<br>- सबै क्षेविकाहरूमा नवजात शिशु र स-साना बालबालिकाहरूको निम्ति उचित खानपान अभ्यासमा वृद्धि |
| मातृशिशु स्वास्थ्यको सम्बन्धमा स्वास्थ्य संस्थाहरूको क्षमता र सञ्चालनमा सुदृढीकरण | - वर्ल्ड भिजनले ९१ वटा स्वास्थ्य संस्थाहरूसित सहकार्य गरेको छ<br>- ४२ स्वास्थ्य चौकी र १४ वटा प्रसुती केन्द्रहरूलाई सामग्री सहयोग<br>- ९ स्वास्थ्य चौकी र ८ वटा प्रसुती केन्द्रहरूलाई भवन निर्माण र मर्मत सहयोग<br>- ७५ स्वास्थ्यकर्मीहरूलाई समुदायमा आधारित बाल रोग व्यवस्थापन बारे प्रशिक्षण प्रदान<br>- ४९७ मीहला स्वंयसेविकाहरू लाई स्वास्थ्य र पोषण बारे प्रशिक्षण प्रदान<br>- २९ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरूलाई उपयुक्त व्यवस्थापन बारे प्रशिक्षण प्रदान<br>- २१ गाविस पूर्ण खोप गाविस घोषित<br>- ५ वटा स्वास्थ्य चौकीले सिभिए प्रयोगमा ल्याएका छन् | - बालबालिकाहरूको रोगमा कमी/घटी:<br>- निमोनिया ४.४% ले<br>- झाडापखाला २.२%ले<br><br>- झाडापखाला जस्ता बाल रोगहरूको उचित व्यवस्थापनमा ८.१ % सुधार<br>- अतिरिक्त स्वास्थ्य कर्मीहरूलाई काममा लगाउनका लागि गाविसद्वारा कोषको वृद्धि |
| खुला दिसा मुक्त क्षेत्र अभियान र समुदायमा आधारित पूर्ण सरसफाई | - ७३ गाँउ खानेपानी तथा सरसफाई समन्वय समितिलाई प्रशिक्षण प्रदान र तिनको क्षमतामा सुदृढीकरण<br>- खुला दिसा मुक्त क्षेत्र अभियानमा ३८ बाल कलबहरूको परिचालन<br>- व्यक्तिगत स्वास्थ्य र वातावरणीय सरसफाई सम्बन्धी २३,१४९ जनालाई (६,१०९ बालबालिकाहरूलाई) प्रशिक्षण प्रदान<br>- सुरक्षित खानेपानीद्वारा ५२० परिवारहरू लाभान्वित<br>- १,६५० परिवारिक शौचालयहरूको निर्माणमा सहयोग | - घरायसी शौचालयहरूमा ८.७% वृद्धि<br><br>- थप ८१ वाडाहरू खुला दिसा मुक्त क्षेत्र घोषित<br><br>- ११ गाविसहरू खुला दिसा मुक्त क्षेत्र घोषित |
| **समग्रमा** | समग्रमा ९५,५०० व्यक्तिहरू मातृशिशु स्वास्थ्य र पोषण तथा खानेपानी सरसफाई कार्यक्रमहरूबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् | |

तीन पटकसम्म गर्भ तुहिएकी **सीता** अहिले सामान्य र स्वस्थ बालिकाको आमा हुँदा खुशी छिन् । जन्मिएको केही पश्चात्, सीताकी छोरीलाई कुपोषण भयो र तिनी प्रायः बिरामी हुन्थिन् । वर्ल्ड भिजनले आयोजना गरेको पोषण प्रशिक्षणमा भाग लिएपछि उनले खोप र पोशिलो खानाको महत्वबारे सिकिन् । त्यसपछि, सीताले समयमा तिनलाई पौष्टिक खाना खुवाउन थालिन् ।

# बाल संरक्षण

सरकार, गैसस र सामुदायिक साझेदारहरूसँग सहकार्य गरी वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आर्थिक वर्ष सन् २०१५ मा ५ वटा क्षेविकामा बाल संरक्षण परियोजना संचालन गऱ्यो। २७ ग्रामिण बाल संरक्षण र प्रवर्द्धन समिति (भिसिपिपिसि) लाई घटना व्यवस्थापन र मनो-सामाजिक प्राथमिक उपचारका लागि सबल तुल्याइएको छ। स्थानीय तहका मामिलाहरूलाई गाउँ बाल संरक्षण तथा संवर्दन उप समितिमा उजुर गरिएको छ र त्यस पश्चात् जिल्ला बाल कल्याण समिति र स्थानीय प्रहरी समक्ष संप्रेषण गरिएको छ। त्यसैगरी, महिला प्रहरी सेल, महिला तथा बालबालिका कार्यालय र यस्तै अन्य संस्थाहरूलाई पनि ती मामिलाहरू बारे जानकारी गराइन्छ। सरोकारवालाहरू र समुदायहरू बीच त्यस्ता मामिलाहरूबारे उजुर

| प्रमुख कार्यहरू | मुख्य उपलब्धिहरू | नतिजाहरू |
|---|---|---|
| औपचारिक र अनौपचारिक बाल सुरक्षा प्रणालीको सुदृढीकरण | - ८,५०० मानिसहरूमा बाल संरक्षण र बाला अधिकारबारे जनचेतना<br>- बाल संरक्षण र घटना व्यवस्थापन बारे ५ वटा जिल्ला वाल कल्याण समितिहरूको क्षमतामा सुदृढीकरण<br>- १३ सामुदायिक आशा कार्य समूह (होप एक्सन टिम) गठन<br>- १८ गाउँ वाल संरक्षण तथा संवर्दन उप समिति बाल प्रायोजनको लागि कार्यान्वयन साझेदारहरूको रूपमा कार्यरत<br>- २५ गाविसहरूलाई 'बाल मैत्री स्थानीय शासन' गाविसका रूपमा तयार गर्न सहायता प्रदान<br>- छाउपडी मुक्त गाविस घोषणा गर्न सरकारद्वारा नेतृत्व गरिएको सामूहिक अभियानमा २ वटा क्षेविकाहरूको सहभागिता<br>- बाल संरक्षण घटना व्यवस्थापन र जिल्लाहरूका निम्ति सूचना प्रणालीमा केन्द्रीय वाल कल्याण समिति अन्तर-एजेन्सी समूहको सक्रिय सदस्यको रूपमा सक्रियता<br>- प्लान इन्टरनेसनल र केन्द्रीय बालकल्याण समिति संगको सहकार्यमा बाल संरक्षण सम्बन्धी तालिम निर्देशिका तयार र सरकारद्वारा अनुमोदित | - जोखिममा परेका ९७५ बालबालिकाहरूलाई परामर्श र संप्रेषण<br>- १२ गाविसहरूद्वारा बालबालिका केन्द्रित क्रियाकलापहरूका लागि १५% बजेट विनियोजन<br>- ५ क्षेविकाहरूमा रहेका भिसिपिपिसिद्वारा घटना उजुर संयन्त्र मार्फत् घटनाको विवरण दिन शुरु<br>- विशेषगरी ३ जिल्लाहरू, उदयपुर, डोटी र सुनसरीमा प्रशिक्षित बालबालिकाहरूद्वारा बाल अधिकार र बाल सुरक्षा बारे आफूले जानेका कुराहरू औपचारिक र अनौपचारिक रूपमा अन्य बालबालिकाहरूमाझ प्रचार<br>- ३२ वटा भिसिपिपिसिहरू बाल संरक्षण सम्बन्धी विभिन्न मामिलाहरूमा प्रभावकारी रूपमा कार्यारत<br>- कार्यक्रम सञ्चालित क्षेत्रहरूमा जन्म दर्तामा उल्लेखनीय सुधार |
| बालबालिकाहरूको पुर्नउत्थान हुने क्षमतामा वृद्धि गराउनुका साथै बालबालिकाहरूको विरुद्धमा रहेका अहितकर परम्परागत प्रचलनहरूलाई कम गर्ने | - ९,६२३ बालबालिकाहरूलाई (५,९६६ बालिका र ३,६५७ बालक) बाल संरक्षण र बाल अधिकार सम्बन्धी जानकारीहरू प्रदान<br>- ३ वटा क्षेविकाहरूका बाल क्लबहरूद्वारा सम्बन्धित जिल्ला सञ्जालमा प्रतिनिधित्व र एउटा क्षेविका (बुटवल) द्वारा राष्ट्रिय सञ्जालमा प्रतिनिधित्व | - ३ वटा परियोजना जिल्लाहरूमध्ये ३ वटा मै बालविवाहमा कमी<br>- ३ वटै परियोजना जिल्लाहरूमा अहितकर प्रचलनहरूमा कमी<br>- विद्यालयमा लामो समयसम्म रहँदा (१८ वर्षपछि) परिवारभित्र र समुदायहरूमा विवाह सम्बन्धी छलफलहरू परिचालन गर्ने आत्म-विश्वास र परिपक्वतामा अभिवृद्धि भएको तथ्य किशोरीहरूद्वारा खुलासा |
| **समग्रमा** | ३२ वटा भिसिपिपिसिहरू, ५ वटा डीसीडब्ल्यूबीहरू, ९,६२३ बालबालिकाहरू (५,९६६ बालिका, ३,६५७ बालक) र ८,५३२ वयस्कहरूसित बाल संरक्षण परियोजनाबाट कार्य गऱ्यो | |

गर्ने र संप्रेषण गर्ने जनचेतनाको स्तर वृद्धि भएको छ।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालले गाउँ बाल संरक्षण तथा संर्वदन उप समितिको रणनीतिको साथै वार्षिक कार्ययोजनाहरू तयार गर्ने क्षमतालाई वृद्धि गरेको छ फलस्वरूप तिनीहरू सक्रियताकासाथ गाविस परिषद्मा सक्रिय भएका छन् र बाल अधिकार तथा सुरक्षाको लागि सरकारद्वारा विनियोजन गरिएको १५% बजेट प्राप्त गरेका छन्।

काठमाडौं, नेपालमा आयोजित १८ औं सार्क शिखर सम्मेलन[1] (दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन) को दौरान, सन् २०१५ सालको उत्तरार्द्धमा बालबालिकाहरू सम्बन्धी कार्यसूची सुनिश्चित गराउनका लागि दक्षिण एसियाली देशहरूका प्रतिनिधिहरूलाई प्रतिबद्ध गराउने उद्देश्यका साथ सम्मेलनमा वर्ल्ड भिजनले अन्य नागरिक समाज संस्थाहरूसित मिली ती प्रतिनिधिहरू सामु ज्ञापन पत्र बुझाएको थियो। फलस्वरूप, १८ औं सार्क शिखर सम्मेलन-काठमाण्डौं घोषणा पत्र[1] को नीतिका प्रमुख उद्देश्यहरूको बुँदा १९ र २० मा बाल सुरक्षाको लागि प्रतिबद्धता जाहेर गरिएको छ।



सुनसरी स्थित **धनवती** (१६) को समुदायमा बाल विवाह सामान्य भएकोले गर्दा, उनका बुबाले उनी १५ वर्ष पुग्नासाथ उनको विवाह गरिदिन चाहन्थे। धनवतीको विरोधको बावजुद तिनले उनको लागि उपयुक्त केटा रोजे र विवाहको निम्ति सरसामानहरू किन्नको लागि केटाको परिवारसित केही पैसा पनि लिए। बुवा उनको कुरा सुन्न इच्छुक नभएकोले गर्दा अन्ततः उनले आफ्ना साथीहरू र ग्रामीण बाल संरक्षण र प्रवर्द्धन समिति सित सहयोग मागिन्। तिनीहरूको हस्तक्षेपका कारण, उनको विवाह रोकियो। "वर्ल्ड भिजनद्वारा आयोजित बाल संरक्षण प्रशिक्षणमा मैले भाग लिएको थिएँ र उमेर नपुग्दै विवाह गर्नु हानिकारक हुन्छ र यस्तो विवाहलाई अस्विकार गर्ने अधिकार मलाई छ भनी मैले सिकेको थिएँ", उनी भन्छिन्। वर्ल्ड भिजनले थुप्रै समुदायहरूमा बालविवाह कम गर्न सहयोग पुऱ्याएको छ। चाँदबेला गाविसलाई हालै बालविवाह मुक्त गाविस घोषणा गरिएको थियो।

१ १८ औं सार्क सम्मेलन (२६-२७ नोभेम्बर २०१४); काठमाण्डौ घोषणा पत्र

# जीविकोपार्जन र विपद् जोखिम न्यूनीकरणको प्रवर्द्धनद्वारा सामुदायिक पुनर्स्थापना

सरकार, गैसस तथा सामुदायिक साझेदारहरूसित निकट रहेर कार्य गर्ने उद्देश्यका साथ वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आर्थिक वर्ष सन् २०१५ मा नेपालभरिका १२ वटा क्षेविकाहरूमा जीविकोपार्जनका परियोजनाहरू कार्यान्वयन गऱ्यो। वर्ल्ड भिजन इन्टरनेसनल नेपाल स्थानीय निकायहरूसँग निकट रही कार्यारत छ। परियोजनाका प्रमुख कार्यहरूमा राम्रो बजार भाउ भएको बालीको उत्पादन र बजार प्रवर्द्धन; पशुपालन; जैविक खेतीको प्रवर्द्धन रहेका छन्। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले विशेषगरी सीमान्तकृत परिवारहरूलाई लक्षित गरी उन्नत उत्पादन र आय आर्जनका लागि किसान समूहहरू र सहकारीहरूलाई सबल तुल्याउने लक्ष्य राख्दछ।

प्रमुख क्षेत्रहरूमा विपद् जोखिम न्यूनीकरणको प्रवर्द्धन र स्थानीय विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका योजनाहरूको (एलडिआरएमपि) तयारी वर्ल्ड भिजनले ४ वटा जिल्लामा सहयोग गरेको छ।

रोजगारीका सीपहरूको स्थानान्तरणद्वारा किशोर किशोरीहरूलाई आर्थिक अवसरहरूका लागि तयार गर्न ललितपुर जिल्लामा युवा आर्थिक विकास परियोजना कार्यान्वयन भइरहेको छ। निम्न उत्पादकहरूको बजार पहुँचलाई वृद्धि गर्न कैलालीमा ३ पिएम परियोजना कार्यान्वयन भइरहेको छ जसले गरिब किसानहरूलाई बजारसम्म पहूच बढाउन क्षमता अभिबृद्दि गर्दछ।



**करूणा** (१८) वर्ल्ड भिजनद्वारा सहयोग प्राप्त कैलालीको जन अभियान कृषक समूहका अन्य सदस्यहरूसित समय बिताउन मन पराउँछिन्। कैलालीमा ३ पिएम परियोजनाको सहायताद्वारा उनकी आमा र छिमेकीहरू अब विभिन्न प्रकारका तरकारीहरू उत्पादन र बिक्री गर्न व्यस्त छन्। तिनी भन्छिन्, "पहिले मेरो आमाबाबुलाई मेरो शैक्षिक शुल्क जुटाउन धेरै गाह्रो थियो, तर अहिले त्यस्तो छैन। अहिले म स्नातक तहमा अध्ययनरत छु जुन विगतमा सम्भव हुने थिएन।" समूहका सदस्यहरू आफ्ना उत्पादनहरू वृद्धि गरेर बजारमा नाफामा बेचिरहेका छन्। तिनीहरूले चाँडै कृषकहरूको सहकारी गठन गर्ने योजना बनाएका छन्।"

| प्रमुख कार्यहरू | मुख्य उपलब्धिहरू | नतिजाहरू |
|---|---|---|
| उन्नत उत्पादन र आय आर्जनको लागि लक्षित परिवारहरूलाई प्रविधि हस्तान्तरण र कृषीसम्बन्धी सहयोग (तरकारी, राम्रो बजार भाउ भएका बालीहरू, पशुपालन) | - १३,३६९ कृषकहरूलाई व्यावसायिक खेतीको प्रशिक्षण (तरकारी, नगदे बाली, राम्रो बजार भाउ भएका बालीहरू)<br>- १,६२५ कृषकहरूलाई करेसा बारी सम्बन्धी प्रशिक्षण<br>- ४,१८८ कृषकहरूलाई पशुपालन र कुखुरापालन सम्बन्धी तालिम/सहयोग<br>- ८४८ कृषकहरूलाई जैविक खेती बारे प्रशिक्षण<br>- ३,१६४ कृषकहरूलाई कृषिजन्य वस्तुहरू प्रदान<br>- ४० किसानहरूलाई भिरालो जमीनमा खेती गर्नको लागि सहयोग<br>- ३,१०३ परिवारहरू स-साना सिचाइहरू व्यवस्थाहरू मार्फत् लाभान्वित<br>- ५१ वटा सेवा केन्द्रहरूलाई उपकरण सहायता | - खाद्य सुरक्षामा वृद्धि (सामान्य जनसंख्याको ८%)<br>- कृषकहरू तालिममा सहभागी भएका मध्ये २७% आम्दानीमा वृद्धि र ३३% को उत्पादनमा वृद्धि |
| आर्थिक अवसरहरूमा सुधार विशेषगरी जोखिममा परेका युवाहरू | - जोखिममा परेका परिवारहरूबाट ८०%-९०% सम्म पर्ने गरी ७३८ जनालाई व्यावसायिक सीप सम्बन्धी प्रशिक्षण।<br>- २८८ जनाद्वारा व्यवसायिक योजनाहरूको विकास | - प्रशिक्षार्थीहरू मध्ये २८% स्व- रोजगारमा संलग्न |
| सार्वजनिक तथा निजी क्षेत्रहरूसितको सम्बन्धको प्रवर्द्धनद्वारा स्थानीय मूल्य श्रृंखलाको विकास | - ३५ कृषक जिल्ला कृषी विकास कार्यालय वा जिल्ला पशु सेवा कार्यालयमा दर्ता<br>- १०८ सहकारीहरूको व्यवस्थापन क्षमतामा सबलीकरण<br>- ४ बजार केन्द्रहरूलाई सहयोग<br>- बजार प्रवर्द्धनको लागि ३५ कृषक समूह र मूल्य श्रृंखलाका कर्ताहरू बीच सम्बन्ध स्थापित<br>- बजार प्रवर्द्धनको लागि २०३ कृषकहरूलाई पोष्ट हारभेष्टिङ्ग प्रविधि बारे प्रशिक्षण | - वर्ल्ड भिजन कार्यरत क्षेत्रमा रहेका ६७% सहकारी संस्थाका ३३% विपन्न तथा सिमान्तिकृत वर्गको प्रतिनिधित्व गर्दछन्<br>- जोखिममा परेका समुदायहरूका १/३ सदस्यहरूलाई समावेश |
| विपद् जोखिम न्यूनीकरण तथा सामुदायिक पुर्नउत्थानशीलतामा सुधार | - सबै नयाँ परियोजनामा विपद् जोखिम न्यूनीकरण समावेश<br>- ३,७५४ मानिसहरूलाई विपद् जोखिम न्यूनीकरण तालिम प्रदान<br>- ८ वटा विद्यालयहरूका कक्षा कोठाहरू र एउटा स्वास्थ्य चौकीका कोठाहरूलाई भूकम्प प्रतिरोधात्मक बनाउनका लागि रेट्रोफिटिङ्ग<br>- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना विकासको लागि ४ जिल्लाहरूमा सहयोग<br>- २६ स्थानीय विपद व्यवस्थापन योजना (गाविस तहमा) हरूको लागि सहयोग/पैरवी<br>- विद्यालयमा आधारित २० वटा विद्यालय विपद् जोखिम न्यूनीकरण योजनाहरूको विकास<br>- भूकम्पीय सुरक्षाको लागि ५ वटा विद्यालयहरूमा रेट्रोफिटिङ्ग | - ८० % गाविसहरूको (१० मध्ये ८) भूकम्पीय पुनर्स्थापना हुने क्षमतामा वृद्धि (एक विशेष परियोजनामा)<br>- आर्थिक वर्ष २०१४ मा तयार पारिएको योजना ४२ वटा विद्यालयहरूद्वारा कार्यान्वयन<br>- १६ वटा गाविसहरूद्वारा एलडिआरएमपि तयार |
| विपद् व्यवस्थापन/विपद् प्रतिकार्य | - हालै गएको विनाशकारी भूकम्प प्रतिकार्यको लागि वर्ल्ड भिजनद्वारा तेश्रो तहको नेपाल भूकम्प प्रतिकार्य टोली स्थापना<br>- स्थानीय तहमा भएका स-साना विपद्हरूप्रति ४ वटा क्षेविकाहरूद्वारा प्रतिकार्य | - विपद्मा प्रतिकार्यको लागी संस्थागत क्षमतामा अभिवृद्धि |
| समग्रमा | ५,०७२ जोखिममा परेका युवाहरू (२,८०६ महिला र २,२६६ पुरुष) र १८,१६० परिवारहरू जीविकोपार्जन र विपद् जोखिम न्यूनीकरण परियोजनाबाट लाभान्वित भएका छन् | |



# सन् २०१५ का उपलब्धिहरू

**३१२,५०८ व्यक्तिहरूमा पुग्न सफल**
जसमध्ये १,३८,१२८ बालबालिकारू (६६,३०१ बालक र ७१,८२७ बालिका) र १,७४,३८० वयस्क व्यक्तिहरू (८२,४१५ पुरुष र ९१,९६५ महिला) थिए

## बाल **संरक्षण**

**९,६२३** बालबालिकाहरूलाई (५,९६६ बालिका र ३,६५७ बालकहरूले) बाल संरक्षण र बाल अधिकार सम्बन्धी जानकारीहरू प्रदान

१२ गाविसहरूद्वारा बालबालिका केन्द्रित क्रियाकलापहरूका लागि **१५% बजेट** विनियोजन

**३२** वटा भिसिपिपिसिहरू, **५** वटा डीसीडब्ल्यूबीहरूसँग कार्य गर्‍यो

## जीविकोपार्जन

**१३,३६९** कृषकहरूलाई व्यावसायिक खेतीको प्रशिक्षण (तरकारी, नगदे बाली, राम्रो बजार भाउ भएका बालीहरू)

४,१८८ कृषकहरूलाई पशुपालन र कुखुरापालन सम्बन्धी तालिम/सहयोग

**१०८** सहकारीहरूको व्यवस्थापन क्षमतामा सबलीकरण

## विपद् जोखिम न्यूनीकरण

**३,७५४** मानिसहरूलाई विपद् जोखिम न्यूनीकरण तालिम प्रदान

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना विकासको लागि ४ जिल्लाहरूमा सहयोग

**५,०७२** जोखिममा परेका युवाहरू (२,८०६ महिला र २,२६६ पुरुष) र १८,१६० परिवारहरू जीविकोपार्जन र विपद् जोखिम न्यूनिकरणका परियोजनाबाट लाभान्वित

## शिक्षा

२५८ इसिइडी
केन्द्रहरूसित सहकार्य

गुणस्तरीय शिक्षाको लागि
४५९ विद्यालयहरूसित सहकार्य

३३,२१४ बालिकाहरू,
३२,८४६ बालकहरू र
२७,२९७ अभिभावकहरू शिक्षा
परियोजनाबाट लाभान्वित

## मातृशिशु **स्वास्थ्य**

सुरक्षित मातृत्व जनचेतना मार्फत्
कुल **९,४२३** महिलाहरूमाझ
पहुँच

**९१ वटा** स्वास्थ्य
संस्थाहरूसित सहकार्य

## पोषण

६,०७५ बालबालिकाहरू वृद्धि
अनुगमनमा सहभागी, ती मध्ये
**३०४ जना** कुपोषण भएका
बालबालिकाहरूले थप पोषण र
परामर्श प्राप्त गरे

समुदायका ४,९२९
सदस्यहरूलाई **पोषण सम्बन्धी
प्रशिक्षण** प्रदान

## **खानेपानी** तथा सरसफाई

व्यक्तिगत स्वास्थ्य र
वातावरणीय सरसफाई सम्बन्धी
**२३,१४९** जनालाई (६,१०९
बालबालिकाहरूलाई) प्रशिक्षण
प्रदान

**१,६५०** परिवारिक
शौचालयहरूको निर्माण

समग्रमा **९५,५००** व्यक्तिहरू मातृशिशु स्वास्थ्य र पोषण तथा खानेपानी सरसफाई
परियोजनाबाट लाभान्वित

# बाल स्पोन्सरसीप्

वर्ल्ड भिजनमा बाल स्पोन्सरसीप् गरिब समुदायका जोखिममा परेका बालबालिकाहरू र गरिब समुदायहरूलाई उज्वल भविष्यको मौका दिने एउटा प्रभावकारी र भरपर्दो उपाय रहिआएको छ। यो बाल स्पोन्सरसीप् को लक्ष्य बालबालिकाहरूको अवस्थामा सुधार ल्याउनु हो। उचित वृद्धि हुनको लागि बालबालिकाहरूले यस्तो वातावरणमा हुर्कन पाउनुपर्छ, जसमा उनीहरूका आजका खाँचोहरू र भोलिका आशा र अवसरहरू पूरा हुन सकून्। हामी विश्वास गर्छौं कि बालबालिकाहरूले स्वस्थ भएर, हेरविचार पाएर तथा संरक्षित भएर जिउन पाउनुपर्छ। उनीहरूले जीवनका लागि शिक्षा पाउनुपर्छ, उनीहरूको जीवनमा प्रभाव ल्याउने निर्णयका सवालहरूमा सहभागी हुन पाउनुपर्छ अनि छिमेकीहरूको प्रेम अनुभव गर्न पाउनुपर्छ। दाताहरूको सहयोगले सहायता पाउने बालबालिकाहरूको समुदायमा महत्त्वपूर्ण विकासको लागि आर्थिक सहयोग उपलब्ध हुन्छ, जसद्वारा बालबालिकाहरूको जीवनमा दिगो सुधार आउँछ। वर्ल्ड भिजनले सामुदायिक समूहहरूसँग सहकार्य गर्दछ अनि बालबालिकाहरू आफैंले नै योजना बनाउँछन् र परिवर्तनलाई कार्यान्वयन गर्छन्, जसका कारण अन्य धेरै बालबालिकाहरूले आफ्नो जीवनमा उपलब्धीहरू हासिल गर्ने मौका पाउँछन्। दाताहरूले यस्ता परिवर्तनहरूलाई समुदायबाट उपलब्ध गराइने प्रगति प्रतिवेदनहरू र उनीहरूले सहयोग गरेका बालबालिकाहरूसितको व्यक्तिगत पत्राचारद्वारा नजिकबाट नियाल्ने मौका पाउँछन्। दाताहरूले आफूले सहयोग गरेको बालक वा बालिकालाई पत्र लेखेर वा उसलाई र उसको परिवारलाई भेटघाट गरेर उत्साह प्रदान गर्न सक्छन्। समुदायमा वर्ल्ड भिजनका परियोजना कार्यहरूबाट स्पोन्सर प्राप्त बालबालिकाहरू मात्र होइन तर सबै बालबालिकाहरू र तिनका परिवारहरूले फाइदा पाउँछन्।

आर्थिक वर्ष सन् २०१५ को अन्त्यसम्ममा नेपालको १० जिल्लाहरू रूपन्देही, लमजुङ, कैलाली, सुनसरी, मोरङ, जुम्ला, डोटी, उदयपुर, अछाम र सिन्धुलीबाट २९,९५४ जना बालबालिकाहरू बाल स्पोन्सरसीप्को लागि सोह्रवटा क्षेत्र विकास कार्यक्रमहरूमा दर्ता भएका थिए।

हामीले समुदायहरूमा हाम्रा साझेदारहरूद्वारा कार्यान्वयन गर्ने कार्यक्रमहरूको लागि हाम्रा स्पोन्सरले हामीलाई कति मात्रामा भरोसा गर्नहुन्छ सो अनुसार कार्यक्रम संचालनको सफलता निर्भर हुन्छ। आर्थिक वर्ष सन् २०१५ भरि कार्यक्रमहरू कार्यन्वयन गर्ने क्रममा, हामी कार्यरत रहेका समुदायहरूमा परियाजनाहरूद्वारा शिक्षा, स्वास्थ्य, पोषण र संरक्षणको क्षेत्रमा सबै स्पोन्सर बालबालिकाहरूको जीवनमा सकारात्मक प्रभाव पारी हामी हाम्रा स्पोन्सररूको अपेक्षालाई ध्यानमा राखेर उहाँहरूको भरोसालाई कायम राख्न सफल भएका छौं।

नौ वर्षीया **शरू** डोटी जिल्लामा वर्ल्ड भिजनले प्रायोजन गरेको बालिका हुन् । तिनी विद्यालय जान र आफ्ना साथीहरूसित खेल्न मन पारउँछिन् । सात जना छोराछोरीहरू भएको गरिब परिवारमा जन्मिएकी उनी चौथौं सन्तान हुन् । उनकी आमा सुना, आफ्नी छोरी स्पोन्सर बालिका भएकोमा खुशी छिन्, किनकि त्यसले गर्दा गरिबीको चपेटामा रहेको उनको परिवारमा केही परिवर्तनहरू आएको छ । उनी वर्ल्ड भिजनद्वारा प्रदान गरिएको स्वास्थ्य, सरसफाई र बालबालिकाको हेरचाह सम्बन्धी तालिममा सहभागी भएकी छिन् । घरेलु शौचालय निर्माण गर्नको लागि त्यस परिवारले शौचालय प्यान पनि पाएको छ । सुना समुदायमा बचतलाई प्रोत्साहन दिन वर्ल्ड भिजनद्वारा सहयोग प्राप्त सहकारीको सदस्य पनि हुन् । शरु सन् २०१२ सालमा वर्ल्ड भिजनको बाल स्पोन्सरसीप् कार्यक्रममा समावेश भएकी थिइन् । जापानमा रहेका तिनी स्पोन्सरबाट पत्र र उपहार प्राप्त गर्दा तिनी सधैँ खुशी हुन्छिन् । प्रत्येक पटक तिनले केही कुरा प्राप्त गर्दा त्यो तिनी र तिनका परिवारको लागि उत्सवको समय हुँदछ । तिनी फुर्सदको समयमा विद्यालयका पुस्तकहरू पढ्न मन पराउँछिन् र भन्छिन्, “म ठूलो भएपछि नर्स बन्ने छु र बालबालिकाहरूलाई खोप लगाउने छु ।” शरु लजालु छिन् तर तिनी आफ्ना स्पोन्सरप्रति अति खुशी र आभारी छिन् । तिनको मुस्कानले यी सबै देखाँउदछ ।



# भूकम्प प्रतिकार्य उपलब्धिहरू

**लक्ष्य :** आपत्कालीन आवश्यकताहरू पूरा गर्ने, पुनर्स्थापना हुने क्षमता र स्व-निर्भरतालाई सुदृढ तुल्याउने, र भूकम्प प्रभावित बालबालिका र तिनका समुदायहरूमा सुरक्षाको अनुभूति पुर्नवहाली गर्ने

## आवास तथा गैर खाद्य वस्तुहरू

| मुख्य गतिविधी | संख्या | घरधुरी (परिवार) | लाभान्वित संख्या |
|---|---|---|---|
| तिरपाल वितरण (रस्सी समेत) | ३०,५८८ | १७,२८२ परिवार | ७६,४७० व्यक्तिहरू |
| जस्तापाता वितरण | १५१,७७६ जस्तापाता | ९,४८६ परिवार | ४७,४३० व्यक्तिहरू |
| विस्तारा तथा ब्ल्याङ्केट | १३,६०० परिवार | १३,६०० परिवार | ६८,०२५ व्यक्तिहरू |

## स्वास्थ्य

| मुख्य गतिविधी | संख्या | घरधुरी (परिवार) | लाभान्वित संख्या |
|---|---|---|---|
| गा.वि.स. मा रहेका स्वास्थ्य चौकीहरूलाई चिकित्सा सामग्री वितरण | ५ स्वास्थ्य चौकी | १२,११२ परिवार | ६०,५६० व्यक्ति |
| बालबालिकाका लागि सरसफाई सामग्री वितरण | १,०६४ | - | १,०६४ बालबालिका |
| महिला, किशोर, युवा तथा बालमैत्री स्थलहरू स्थापना | २३ | | २८१२ व्यक्तिहरू |
| स्वास्थ्यसेवा मर्मत | २ स्वास्थ्य संस्थाहरू | २,९२० परिवार | १३,१४६ व्यक्तिहरू |
| नवजात शिशुका लागि न्यानो सामग्री वितरण | १,५६५ | - | १,५६५ बालबालिका |
| परिवारका लागि न्यानो सामग्री वितरण | ४,८१० | ४,८१० | २४,०५० व्यक्तिहरू |

**३८६,९८४ लाभग्राहीहरू**
(मार्च सन् २०१६ सम्मको तथ्याङ्क)

## पानी तथा सरसफाई

| मुख्य गतिविधी | संख्या | घरधुरी (परिवार) | लाभान्वित संख्या |
|---|---|---|---|
| सरसफाई सामग्री वितरण | १४,४४३ | १४,४४३ परिवार | ७२,२१५ व्यक्तिहरू |
| सफा पानी सामग्री वितरण (एक्वाट्याव, बाल्टी, जर्किन) | २२,४९२ | २२,४९२ परिवार | ११२,४६० व्यक्तिहरू |
| चर्पी निर्माण/मर्मत | २,८२८ चर्पी | २,८२८ परिवार | १४,१४० व्यक्तिहरू |
| खानेपानी सेवा निर्माण | ९१ खानेपानी सेवा | ३,९१९ परिवार | १९,५९५ व्यक्तिहरू |
| सरसफाई प्रवर्धनकालागि स्वयंसेवक परिचालन | २५२ स्वयंसेवक | १३,५२३ परिवार | ६७,६१५ व्यक्तिहरू |

## शिक्षा र बालसंरक्षण

### शिक्षा

| मुख्य गतिविधी | संख्या | लाभान्वित संख्या |
|---|---|---|
| पानी तथा सरसफाई सुविधासमेतको अस्थाई सिकाई केन्द्र (टिएलसी) निर्माण | ५४ टिएलसी | ८,२१४ बालबालिका |
| विद्यार्थी सामग्रीहरू | ४,७७७ सामग्रीहरू | ४,७७७ बालबालिका |
| शिक्षकहरूका लागि तालिम | १२ तालिम | ३२९ शिक्षकहरू |
| भत्किएका विद्यालयको मर्मत (निरन्तर) | २ विद्यालय | १,५०८ बालबालिका |

### संरक्षण

| मुख्य गतिविधी | संख्या | लाभान्वित संख्या |
|---|---|---|
| बालमैत्री स्थलहरूको स्थापना (वास सुविधा समेत) | ३५ बालमैत्री स्थलहरू | ३,५३५ बालबालिका |
| बालसंरक्षण समिति गठन तथा उनीहरूलाई तालिम | ४४ समितिहरू | २,४६६ व्यक्तिहरू |
| बालबालिकालाई मनोसामाजिक सहयोग | ४,९२७ बालबालिका | ४,९२७ बालबालिका |

# वर्ल्ड भिजन इन्टरनेसनल नेपाल रणनीति सन् २०१६-२०२०

**सन् २०२० सम्मको लागि हाम्रो योजना**

## लक्ष्य: सन् २०१६ - २०२०

**१०,००,००० बालबालिकाहरूको दिगो सम्वृद्धिकोलागि गरीबी र असमानताका कारकहरूलाई सम्बोधन गर्ने**

### हाम्रो कार्यक्षेत्रहरूमा

पढ्न सक्ने बालबालिकाहरूको संख्या ३५% ले वृद्धि गर्ने

### गुणस्तरीय शिक्षामा समान पहुँच

- बालबालिकाहरूको कार्यगत साक्षरता
- प्राज्ञिक सिकाई र जीवनोपयोगी सीपको लागि सहज पार्ने वातावरण
- सुरक्षित विद्यालयको प्रारम्भ

न्यून तौल भएका बालबालिकाहरूको संख्या १५% ले कम गर्ने

### बाल स्वास्थ्यमा सुधार

- बालबालिकाहरूको कुपोषण न्यूनीकरण गर्ने

१५% भन्दा बढी परिवारहरूलाई वार्षिक खाद्यन्न सुरक्षा

### सामुदायिक उत्थानशीलता

- विपद् र आर्थिक संकटको जोखिम न्यूनीकरण, तयारी र सामना गर्न समुदायहरू सशक्त भएका

हानिकारक प्रचलनहरू (बाल विवाह र लैंगिक हिंसा) २०% ले न्यूनीकरण

### जोखिममा परेका समूहहरूको संरक्षण

- बालबालिका, महिला र विपन्न वर्गहरू हानिकारक प्रचलनहरूबाट संरक्षित र सुरक्षित

# जवाफदेहिता



वर्ल्ड भिजनले संसाधनहरूको प्रयोग, प्रगति र समुदायमा पर्ने प्रभाव बारे आन्तरिक रूपमा र दाताहरूप्रति आफ्नो जवाफदेहितालाई सबल तुल्याउन प्रयत्न गरिरहेको छ। यसले जवाफदेहितालाई अरूप्रति सम्मान प्रकट गर्ने; बालबालिकाहरूको हितमा प्रभावकारी भूमिका निर्वाह गर्नका लागि कार्यक्रमहरूमा सुधार ल्याउन अरूका आवश्यकताहरू, सरोकारहरू र सुझावहरूलाई सुन्ने एउटा महत्वपूर्ण माध्यमको रूपमा पहिचान गरेको छ। विशेष गरी विविध साधनहरू प्रयोग गर्ने समुदायहरूले विगतमा नियमित रूपमा कार्यक्रमहरू मार्फत् परामर्श पाइरहेको भएतापनि, आर्थिक वर्ष सन् २०१५ मा ती समूहसित वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आफ्नो जवाफदेहिता प्रणालीहरूलाई सबल तुल्याउने कार्य गऱ्यो।

**कर्मचारी प्रतिक्रियाः** आर्थिक वर्ष सन् २०१५ मा, वर्ल्ड भिजनले कर्मचारी प्रतिक्रिया संयन्त्र शुरु गऱ्यो, जसले कर्मचारीहरूलाई संस्थागत र कार्यक्रम तहको प्रतिक्रिया दिन प्रोत्साहित गरेको छ। यो मञ्चलाई वर्ल्ड भिजनका कर्मचारीहरूका साथै साझेदार गैससहरूले पनि व्यापक रूपमा प्रयोग गरेका छन्। यस प्रणाली मार्फत् ४५ जना कर्मचारीहरूले एकैसाथ प्रतिक्रिया दिएका छन् र एसएमटि ले निश्चित समयावधि भित्र लगभग ९०% कर्मचारी प्रतिक्रियाका प्रतिउत्तर दिएको छ।

**सामुदायिक जवाफदेहिताः** आर्थिक वर्ष सन् २०१५ सालमा वर्ल्ड भिजनले नेपालमा जवाफदेहितालाई सबल बनाउनका लागि वर्ल्ड भिजन बेलायत मार्फत् एक वर्षे पिपिए कोष प्राप्त गरेको थियो। सबै एलपिएहरू/क्षेविकाहरूभरि यो परियोजना सिकाइका साथ सिन्धुली र कैलाली एलपिएमा कार्यान्वयन भइरहेको छ। यो परियोजना मुख्यतया सामुदायिक प्रतिक्रिया संयन्त्र स्थापना गर्ने र वर्ल्ड भिजन र साझेदार गैसस का कर्मचारीहरूको जवाफदेहिताको क्षेत्रमा क्षमता निर्माण गर्ने कार्यमा केन्द्रित छ। कार्यक्रम जवाफदेहिता संरचना (पिएएफ) मूल्यांकन सञ्चालन गर्न र सिन्धुली, कैलाली एलपिएमा र बुटवल क्षेविकाका ४२ वटा विभिन्न समुदायहरूमा प्रतिक्रिया र प्रतिकार्य संयन्त्र स्थापना गर्न वर्ल्ड भिजन सक्षम भएको छ। कुल १८३ जना वर्ल्ड भिजन र साझेदार संस्थाका कर्मचारीहरूले जवाफदेहिता संयन्त्रको सम्बन्धमा प्रशिक्षण प्राप्त गरेका छन्।

| प्रमुख कार्यहरू | उपलब्धिहरू |
|---|---|
| स्थानीय तहमा जनकारी उपलब्ध गराउने | - वार्षिक योजना र बजेट बारे गाविस, जिविस र अन्य सरोकारवालाहरूलाई जानकारी गराइएको<br>- वर्ल्ड भिजनमा जानकारी प्रावधान र प्रतिक्रिया तथा प्रतिकार्य संयन्त्रको स्थापना गरियो<br>- फ्लायरहरू, पर्चा, होडिङ्ग बोर्ड, पुस्तिकाहरूमा परियोजनासित सम्बन्धित विविध जानकारी प्रकाशित गरियो |
| समुदायहरूसितको सहभागिता र परामर्श | - समुदायहरूसितको सहभागितामा र परामर्शद्वारा पीएएफ मूल्यांकन गरियो<br>- सबै कार्यक्रमका कार्य योजनाहरू समुदायिक परामर्शहरू मार्फत् तयार गरिए र तिनलाई समुदायकै प्रतिनिधिहरूले नेतृत्व गरे |
| प्रतिक्रिया र गुनासाहरू सङ्कलन र कार्यान्वयन | - आर्थिक वर्ष २०१५ मा लगभग ४५ जना कर्मचारीहरूका प्रतिक्रियाहरू प्राप्त भयो |

# सरकारसितको सहकार्य

सरकारसितको सहकार्यले दीर्घकालीन् परिवर्तनहरू ल्याउन अहम् भूमिका निर्वाह गर्दछ भनी वर्ल्ड भिजन इन्टरनेसनल नेपाल विश्वास गर्दछ। नयाँ रणनीति र प्राविधिक दृष्टिकोणहरू सम्बन्धित मन्त्रालयहरूबाट सुझाव लिएर विकास गरिएको थियो। ६ जुलाई सन् २०१५ मा समाज कल्याण परिषद्सँग आगामी ५ वर्षको लागि साधारण सम्झौता नविकरण गरिएको छ। साधारण सम्झौता अघि समाज कल्याण परिषद्ले विकास कार्यक्रमको अन्तिम मूल्यांकन गरी समुदायहरूमा पर्ने प्रभाव बारे प्रकाश पारेको थियो।

## शिक्षा

वर्ल्ड भिजन इन्टरनेसनल नेपालले शिक्षा विभाग/शिक्षा मन्त्रालयका साथै पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय शैक्षिक विकास केन्द्र, र गैर औपचारिक शिक्षा केन्द्रसित सम्झौता पत्रमा हस्ताक्षर गरेको छ। यसको उद्देश्य सहस्राब्दी विकास लक्ष्य (MDG), सबैका लागि शिक्षा (EFA) को लक्ष्य र विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) जस्ता राष्ट्रिय शैक्षिक लक्ष्यहरू हासिल गर्न कसरी सरकार र वर्ल्ड भिजन इन्टरनेसनल नेपालले सहकार्य गर्न सक्छ भनी स्पष्ट पार्नु थियो। परियोजनाहरूको प्रभावकारी कार्यान्वयनमा सरोकारवालाहरूको व्यापक सहभागिता प्राप्त गर्नको लागि वर्ल्ड भिजन इन्टरनेसनल नेपालले जिल्ला स्तरमा बहु-सरोकारवाला सम्झौता गरेको छ। कार्यात्मक साक्षरता मूल्याकंनका उपलब्धीहरू बारे जानकारी गराउनका लागि वर्ल्ड भिजन इन्टरनेसनल नेपाल सरकारसित संलग्न रहेको छ र कक्षामा-आधारित प्रारम्भिक ग्रेड मूल्याकंन विधि (CB EGRA) र EGRA अनुकूलताको विकासको लागि प्राविधिक रूपमा योगदान पुऱ्याएको छ।

## मातृशिशु स्वास्थ्य तथा पोषण

मातृशिशु स्वास्थ्य तथा पोषणमा सुधार ल्याउनका लागि वर्ल्ड भिजन इन्टरनेसनल नेपालले जिल्ला तहमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय र गाविस स्तरमा स्थानीय स्वास्थ्य संस्थाहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र आमा समूहहरूका साथ समन्वयन गरी कार्य गरिरहेको छ। गाविसभरि खोप अभियान र खुला दिसा मुक्त गाविस जस्ता सरकारद्वारा नेतृत्व गरिएका अभियानहरूमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आफू कार्यरत क्षेत्रहरूमा सक्रिय साझेदारको रूपमा कार्य गरिरहेको छ।

## जीविकोपार्जन

जीविकोपार्जन परियोजनाहरू कार्यान्वयन गर्न हामी कार्यरत रहेका जिल्लाहरूका स्थानीय निकायहरू, विशेषगरी जिल्ला कृषि विकास कार्यलय, जिल्ला पशु सेवा कार्यलय र डिभिजन सहकारी कार्यलयहरूसँग निकट रही हामी कार्य गरिरहेका छौं। सीमान्तकृत परिवारहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनको लागि सरकारी सरकारी निकायहरूसित समन्वय र सहकार्य अभिवृद्धि गर्न सम्बन्धित निकायसँग सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ। कृषक समूहहरू र सहकारीहरूलाई सम्बन्धित सहकारी कार्यालयहरूमा दर्ता गराउँदै सरकारी सहयोग विस्तार गर्न र सुधारिएको कृषि प्रविधिहरूको प्रवर्द्धन गर्ने क्रममा स्थानीय

निकायहरूको विशेषज्ञतालाई सदुपयोग गर्न वर्ल्ड भिजनले ती निकायहरूसित कार्य गरिरहेको छ।

## बाल संरक्षण

वर्ल्ड भिजन इन्टरनेसनल नेपालले डोटी र अछामका स्थानीय सरकारी निकायलाई त्यहाँका गाविसहरूलाई छौपडी गोठ मुक्त गाविसहरू घोषणा गर्न सहयोग गरेको छ। जिल्ला तहमा, वर्ल्ड भिजन जिल्ला बाल कल्याण समितीसँगको सहकार्यमा बाल संरक्षण घटना व्यवस्थापनका लागि बाल संरक्षण तथा संवर्द्धन उपसमितीको क्षमता अभिवृद्धि गरिरहेका छौं। राष्ट्रिय तहमा, वर्ल्ड भिजन इन्टरनेसनल नेपालले बाल संरक्षण तालिम निर्देशिका प्रकाशित गर्न महिला तथा बालबालिका विभाग र केन्द्रिय बाल कल्याण समितिसित निकट रही कार्य गरेको थियो। राष्ट्रिय स्तरको संलग्नताद्वारा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले राष्ट्रिय बाल विवाह रणनीतिको मस्यौदा तयार पार्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सँग सहकार्य गरेको थियो। त्यस्तै घटना व्यवस्थापन निर्देशिका तयार गर्न वर्ल्ड भिजन इन्टरनेसनल नेपालले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र श्रम विभागलाई पनि सहयोग गरेको थियो।



# अनुदान परियोजनाहरू

अनुदान बालबालिकाहरूको जीवनमा सकारात्मक प्रभावलाई वृद्धि गर्नका लागि वर्ल्ड भिजनको निम्ति प्रमुख साधनहरू मध्ये एक हो। आर्थिक वर्ष सन् २०१५ मा, वर्ल्ड भिजन द्वारा व्यवस्थापन गरिएका प्रमुख अनुदानहरू DFID, ECHO, DFAT Australia, Government of Guernsey सरकारबाट आएको थियो। यी अनुदानहरू बाल सुरक्षा र प्रणाली निर्माण, विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण र बाल स्वास्थ्य पैरवीमा प्रयोग गरिएको छ। यो क्रममा, वर्ल्ड भिजनले सरकारी निकाय, संयुक्त राष्ट्रका एजेन्सीहरू, सम्बन्धित अन्तराष्ट्रिय/गैससहरू र स्थानीय समुदायहरूसित समन्वय गरी कार्य गरेको छ।

प्लान इन्टरनेसनल नेपाल र सेभ द चिल्ड्रेन इन्टरनेसनल नेपाल संगको सहकार्य तथा UNICEF र UN-HABITATको रणनीतिक साझेदारीतामा बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण (CC-DRR) समुहमा साझेदारको हैसियतले वर्ल्ड भिजनले युरोपियन आयोग, मानविय सहायता तथा नागरिक संरक्षण विभाग (DG ECHO) को सह लगानीमा दक्षिण एशियाको निम्ति वर्तमान DIPECHO VIII कार्ययोजना अन्तर्गत "वृहत विद्यालय सुरक्षा ढाँचा (CSSF) को सञ्चालनद्वारा नेपालमा विद्यालय सुरक्षाको प्रवर्द्धन र सुदृढीकरण" अभियान अन्तर्गत बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण परियोजनालाई कार्यान्वयन गरिरहेको छ। वर्ल्ड भिजनले नेपाल रेडक्रस सोसाइटी, कैलाली जिल्ला शाखा र सामुदायिक विकास समाज जस्ता स्थानीय साझेदारहरूसित मिली कैलाली र डोटीका २० विद्यालयहरूमा यो परियोजनाको कार्यान्वयन गरिरहेको छ।

DFID र DFAT Australiaको अनुदानमा सञ्चालन गरिएको बाल स्वास्थ्य पैरवी सम्बन्धी ४ वर्षे परियोजनाको अन्तिम मूल्यांकनले कैलाली र डोटी जिल्लाहरूमा स्वास्थ्य सेवा र स्वास्थ्य सम्बन्धी गतिविधिहरूमा सुधार भएको देखाएको छ। गर्वजाँचमा (पहिलो पटक) ५.८ देखि २२६.७ प्रतिशत सम्म वृद्धि; स्वास्थ्य संस्थाहरूमा प्रसूति गराउनेहरूको संख्या ७.१ देखि ७०.७ % सम्म वृद्धि भयो। जसले यी जिल्लाहरूमा बाल मृत्यु दर कम गर्न योगदान पुऱ्याएको छ।


| दाता | परियोजना |
|---|---|
| DFID (PPA) | सुनसरी, उदयपुर जिल्लामा बाल संरक्षण प्रणाली सुदृढीकरण परियोजना |
| DFAT Australia | पश्चिम डोटी बाल संरक्षण परियोजना |
| DFID (PPA) | जवाफदेहिता सुदृढीकरण कार्यक्रम |
| ECHO | बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण परियोजना |
| DFAT Australia | बाल स्वास्थ्य अहिले अभियानका लागि सामुदायिक क्षमता निर्माण परियोजना |
| Guernsey Overseas Aid Commission | पुर्वतयारी र प्रवलिकरणद्वारा विद्यालयहरूमा भुकम्पिय जोखिम न्युनिकरण परियोजना |

# आर्थिक प्रतिवेदन आर्थिक वर्ष सन् २०१५

| आर्थिक वर्ष | सन् २०१४ | सन् २०१५ |
|---|---|---|
| आर्थिक ब्याय (अमेरिकी डलरमा) | ६,७०५,०१६ | ७,१६५,१५९ |

## वर्ल्ड भिजनका सहयोग कार्यालयहरूबाट प्राप्त आर्थिक सहयोग

| | |
|---|---|
| वर्ल्ड भिजन अष्ट्रेलिया | १,३२५,४२३ |
| वर्ल्ड भिजन क्यानडा | १,३१८,०८४ |
| वर्ल्ड भिजन यूके | १४७,४४४ |
| वर्ल्ड भिजन हङकङ | १,४३०,०७४ |
| वर्ल्ड भिजन जापान | ३५१,९९० |
| वर्ल्ड भिजन कोरिया | ६३८,६३८ |
| उठाइएको स्थानीय कोष | २५,२१२ |
| वर्ल्ड भिजन सिंगापुर | ३३६,८६७ |
| वर्ल्ड भिजन स्विजरल्याण्ड | ६३२,३२४ |
| वर्ल्ड भिजन ताइवान | ९०३,७६० |
| अन्य वर्ल्ड भिजन कार्यालयहरू | ५५,३४३ |
| **कुल** | **७,१६५,१५९** |



अधिकार प्राप्त बाह्य लेखापरीक्षक, आन्तरिक लेखापरीक्षक र अन्तराष्ट्रिय लेखापरीक्षकद्वारा वर्ल्ड भिजनका हिसाब खाताहरुका लेखापरीक्षण गरिएको छ।

## अनुदानको स्रोत

| | |
|---|---|
| स्पोन्सरसीप् | ५,५९२,८१६ |
| ननस्पोन्सरसीप् | १,१७९,२२३ |
| अनुदान | ३०४,५४८ |
| अन्य | ८८,५७२ |
| **कुल** | **७,१६५,१५९** |

## क्षेत्रगत अनुदान वितरण

| | |
|---|---|
| पैरवी | २८४,८९३ |
| कृषि | ७५०,५७९ |
| नागरिक समाज | ३४४,६०० |
| विपद् न्युनिकरण | ३४०,८९० |
| आर्थिक विकास | ४८१,९३५ |
| शिक्षा | १,५३९,७२१ |
| आपतकालिन उद्धार | १३६,४३४ |
| स्वास्थ्य | ६०३,६४२ |
| नेतृत्व विकास | ८४,२१४ |
| पोषण | ३१७,९३७ |
| कार्यक्रम तथा परियोजना व्यवस्थापन | १,०६०,५०४ |
| संरक्षण (वाल संरक्षण सहित) | २५०,३९५ |
| स्पोन्सरसीप् व्यवस्थापन | ६४१,०४५ |
| पानी र सरसफाई | ३२१,७८७ |
| अनुगमन तथा मुल्यांकन | ६,५८३ |
| **कुल** | **७,१६५,१५८.७८** |

